# राजपुर गाउँपालिकाको आर्थिक ऐन, २०७७

## राजपुर गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

### प्रस्तावना

राजपुर गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम राजपुर गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।
   (२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि राजपुर गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. भूमि कर (मालपोत): गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. घर जग्गा वहाल कर : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

   विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

६. मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

७. **पर्यटन व्यवसाय शुल्क** (ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग): गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूची (८) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट कुनै पनि प्रकारको शुल्क असुल गरिनेछ तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. सेवा शुल्क, दस्तुरः गाउँपालिका निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. वनजन्य पदार्थ दस्तुरः गाउँपालिका क्षेत्रभित्रका वनहरुबाट व्यवसायिक प्रयोजनका लागि काठ निकासी गर्दा अनुसूची (९) बमोजिम दस्तुर लगाइनेछ ।

१०. नदीजन्य पदार्थ दस्तुरः गाउपालिका क्षेत्रभित्रका खोलानाला र नदीहरुबाट गाउँपालिका भित्रको विकास निर्माण तथा गाउँपालिका क्षेत्रभित्रका जनताको घरायसी प्रयोजनका लागि अनुसूची (९) बमोजिमको दस्तुर लागाइनेछ । व्यवसायिक प्रयोजनका लागि निकासी गर्दा गाउँ कार्यपालिकाको निर्णय बमोजिम गरिनेछ ।

११. नक्सापास सम्बन्धी दस्तुरः यस गाउँपालिका भित्र भवन वा घर निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गर्नु पर्नेछ । यस्तो नक्सा पास सम्बन्धी दस्तुर अनुसूची (९) बमोजिम हुनेछ

१२. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरु**मध्ये अपाङ्ग एकल महिला प्रकोप पीडितहरुलाइ सिफारिस गर्दा कुनै शुल्क नलाग्ने बाहेक अन्य** कर तथा शुल्क**मा कुनै छूट हुने छैन ।**

१३. संशोधन तथा खारेजीः यो ऐन गाउँसभाको दुईतिहाइ बहुमतबाट खारेज गर्न सकिनेछ भने सामान्य बहुमतबाट आवश्यक संशोधन गर्न सकिनेछ ।

अनुसूची-९

विनियोजन ऐन, २०७५ को दफा १० संग सम्बन्धित

राजपुर गाउँपालिकाबाट आ.व. २०७७/७८ मा लगाउने सेवा, शुल्क तथा दस्तुरको क्षेत्र र दरहरू

| क्र.स. | प्रकरण नं. | विवरण | इकाई | आ.व. २०७७/०७८ को लागि स्वीकृत दर | कै. |
|---|---|---|---|---|---|
| | | **विभिन्न सिफारिस दस्तुरहरू** | | | |
| १ | | अग्रेजीमा गरिने सबै सिफारिश | | १०००।०० | |
| २ | | नागरिकता सिफारिश | | १५०।०० | |
| ३ | | नागरिकता प्रतिलिपी सिफारिश | | २००।०० | |
| ४ | | अंगिकृत नागरिकता सिफारिश | | १५००।०० | |
| ५ | | नाता प्रमाणित स्वदेश प्रयोजन | | ३००।०० | |
| ६ | | नाता प्रमाणित विदेश प्रयोजन | | १५००।०० | |
| ७ | | नाता कायम सिफारिश | | ५००।०० | |
| ८ | | पारिवारिक विवरण सिफारिश | | ५००।०० | |
| ९ | | बसोवास प्रमाणित सिफारिश | | ५००।०० | |
| १० | | नाबालक सिफारीस | | ५००।०० | |
| ११ | | जन्ममिति प्रमाणित सिफारिश | | ५००।०० | |
| १२ | | वैवाहिक सम्वन्ध प्रमाणित सिफारिश | | ५००।०० | |
| १३ | | अविवाहित प्रमाणित सिफारिश | | ५००।०० | |
| १४ | | व्यक्तिगत प्रमाणित सिफारिश | | ५००।०० | |
| १५ | | चारित्रिक प्रमाणित सिफारिश | | ५००।०० | |
| १६ | | सम्वन्ध विच्छेद प्रमाणित सिफारिश | | ५००।०० | |
| १७ | | खानेपानी, टेलिफोन जडान, नामसारी, ठाउँ सारी सिफारिश | | ५००।०० | |
| १८ | | विद्युत मिटर जडान सिफारिश (घरायसी) | | ५००।०० | |
| १९ | | विद्युत मिटर जडान सिफारिश (उद्योग)) | | १०००।०० | |
| २० | | विद्युत मिटर जडान सिफारिश (कृषि)) | | ५००।०० | |
| २१ | | संघ संस्था दर्ता सिफारिश | | १०००।०० | |
| २२ | | पेन्सन पट्टा सिफारिश | | ५००।०० | |
| २३ | | जग्गा धनी पूर्जा प्रतिलिपी सिफारिश | | ५००।०० | |
| २४ | | कार्यानुभव शिफारिश | | १५००।०० | |
| २५ | | पटके सिफारिश मुचुल्का सहित | | ७००।०० | |
| २६ | | सहकारी दर्ता | | २०००।०० | |
| २७ | | काठ निकासी सिफारिश दस्तुर | | २०००।०० | |
| २८ | | विदेश सिफारिश दस्तुर | | १०००।०० | |
| २९ | | राय सल्लाह, सुझाव दस्तुर | | ३०००।०० | |
| ३० | | मिलापत्र दस्तुर दुबै पक्षबाट आधा आधा | | ५००।०० | |
| ३१ | | घर खाली गराउंदा प्रति दिन | | १०००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | | नाम थर, जन्ममिति संशोधन सिफारिश | | ५००।०० | |
| ३३ | | चौपाया निकासी दस्तुर प्रति गोटा | | ५०।०० | |
| ३४ | | कागज वा मञ्जुरनामा प्रमाणित दस्तुर | | ५००।०० | |
| ३५ | | संरक्षक प्रमाणित वा संस्थागत वा व्यक्तिगत संरक्षक सिफारिश | | ३००।०० | |
| ३६ | | जिवित रहेको सिफारिश | | ५००।०० | |
| ३७ | | हकवाला वा हकदार प्रमाणित | | ५००।०० | |
| ३८ | | आर्थिक अवस्थाको सम्बन्धमा शिफारिस (विपन्नता, सम्पम्पन्ना) | | ५००।०० | |
| ३९ | | जग्गाको हक सम्बन्धमा शिफारिस | | ५००।०० | |
| ४० | | पटके सिफारिश सामान्य | | ५००।०० | |
| ४१ | | १ वटा रूख देखि १० वटा रूख सम्म (प्रति रूख) सिफारिस दस्तुर | | ५००।०० | |
| ४२ | | ११ वटा रूख देखि ३० वटा रूख सम्म (प्रति रूख) सिफारिस दस्तुर | | ३००।०० | |
| ४३ | | त्यस भन्दा माथि प्रति रूख | | २००।०० | |
| | | **घरेलु तथा साना उद्योगको सर्जमिन सहित सिफारिस** | | | |
| ४४ | | कुटानी पिसानी मिल शिफारिश एवं विक्री | | १०००।०० | |
| ४५ | | स-मिल काठ चिरानी शिफारिश | | १०००।०० | |
| ४६ | | संस्था नवीकरण शिफारिश प्रति लाख | | २००।०० | |
| ४७ | | साना तथा घरेलु उद्योग शिफारिश | | ७००।०० | |
| ४८ | | व्यवसाय बन्द तथा नाम परिवर्तन शिफारिश | | ५००।०० | |
| ४९ | | मदिरा व्यवसाय शिफारिश (खुद्रा) | | १०००।०० | |
| ५० | | होटल दर्ताको शिफारिश | | ७००।०० | |
| | | **जग्गा तथा चार किल्ला प्रमाणित दस्तुर** | | | |
| | | **चार किल्ला प्रमाणित दस्तुर** | | | |
| ५१ | | पहिलो कित्ता | | ५००।०० | |
| ५२ | | पहिलो कित्ता पछि थप प्रति कित्ता | | १००।०० | |
| ५३ | | ट्रेस नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | | २००।०० | |
| ५४ | | ट्रेस नक्सा प्रमाणित थप प्रति कित्ता | | १००।०० | |
| ५५ | | जग्गा नामसारी शिफारिश १ विगाहासम्म | | ५००।०० | |
| ५६ | | त्यस भन्दा माथि | | १०००।०० | |
| ५७ | | राजिनामा, बकसपत्र, तमसुक दस्तुर | | ५००।०० | |
| ५८ | | अंशवण्डा शिफारिश | | ५००।०० | |
| ५९ | | नाम सच्याउन सर्जमीन मूचुल्का सहित शिफारिश | | ५००।०० | |
| ६० | | घर बाटो शिफारिश एक कित्ता | | ५००।०० | |
| ६१ | | घर बाटो शिफारिश थप प्रति कित्ता | | १००।०० | |
| ६२ | | छुट भएका जग्गा दर्ता सिफारिश दस्तुर (प्रति कित्ता) | | १०००।०० | |
| ६३ | | जग्गा धितो मुल्यांकन १ लाखदेखि ५ लाखसम्म | | ५००।०० | |
| ६४ | | जग्गा धितो मुल्यांकन ५ लाख भन्दा माथि प्रति लाख थप | | १००।०० | |
| | | **व्यवसाय दर्ता सिफारिस दस्तुर** | | | |
| ६५ | | व्यवसाय दर्ता सिफारिस रू. १०००००।०० सम्म | | ५००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६६ | | व्यवसाय दर्ता सिफारिस रू. १ लाख देखि माथि ५ लाखसम्म | | ७५०।०० | |
| ६७ | | व्यवसाय दर्ता सिफारिस रू. ५ लाख भन्दा माथि | | १०००।०० | |
| ६८ | | उद्योग दर्ता सिफारिस (५ देखी २० हर्ष पावरसम्म) | | ७००।०० | |
| ६९ | | उद्योग दर्ता सिफारिस (२० हर्ष पावर भन्दा माथि) | | १५००।०० | |
| ७० | | स-मिल काठ चिरानी दर्ता | | ४०००।०० | |
| ७१ | | फर्निचर उद्योग दर्ता | | २०००।०० | |
| ७२ | | कापि उद्योग दर्ता | | ३०००।०० | |
| ७३ | | डेरी उद्योग दर्ता | | १०००।०० | |
| ७४ | | फर्निचर पसल दर्ता | | १०००।०० | |
| ७५ | | उद्योग नामसारी घरेलु तथा साना | | ५००।०० | |
| ७६ | | होम स्टे दर्ता | | १०००।०० | |
| | | **पञ्जीकरण (विलम्ब शुल्क)** | | | |
| ७७ | | जन्म दर्ता (३५ दिनसम्म निःशुल्क) | | ५०।०० | |
| ७८ | | मृत्यु दर्ता (३५ दिनसम्म निःशुल्क) | | ५०।०० | |
| ७९ | | विवाह दर्ता (३५ दिनसम्म निःशुल्क) | | ५०।०० | |
| ८० | | बसाई सराई (३५ दिनसम्म निःशुल्क) | | ५०।०० | |
| ८१ | | सम्बन्ध विच्छेद (३५ दिनसम्म निःशुल्क) | | ५०।०० | |
| | | **घर जग्गा मुल्याङ्कन दस्तुर** | | | |
| ८२ | | अन्य आय स्रोत प्रमाणित प्रतिवर्ष २० लाखसम्मको एकमुष्ठ | | २०००।०० | |
| ८३ | | आय स्रोत प्रमाणित प्रति लाख प्रति वर्ष | | ७०।०० | |
| | | **नक्सा पास दस्तुर** | | | |
| ८४ | | नक्सा पास किताव | | ५००।०० | |
| ८५ | | घर नक्सा नामसारी | | ५००।०० | |
| ८६ | | RCC बाहेकको पक्की घरको एकमुष्ट | | २०००।०० | |
| ८७ | | RCC को लागि हुलाकी राजमार्ग क्षेत्रमा प्रति स्क्वायर फिट प्रति तला निर्माण अघि | | ५।०० | |
| ८८ | | RCC को लागि प्रति स्क्वायर फिट प्रति तला निर्माण भईसकेकाका घरको | | १२।०० | |
| ८९ | | अभिलेखिकरण भएका घरको नक्शा पास नियमित गर्नको लागि प्रति स्क्वायर फिट प्रति तला | | ५।०० | |
| | | **स्वास्थ्य संस्था दर्ता** | | | |
| ९० | | अस्पताल (सम्पूर्ण सेवा प्रदान गर्ने) | | १००००।०० | |
| ९१ | | क्लिनिक तथा ल्याव | | ५०००।०० | |
| ९२ | | दन्त क्लिनिक | | ३०००।०० | |
| ९३ | | अल्ट्रासाउण्ड एक्सरे | | ५०००।०० | |
| ९४ | | औषधी पसल | | १०००।०० | |
| ९५ | | ल्याव सेवा | | १०००।०० | |
| | | **कृषि तथा पशुक्षेत्रसंग सम्बन्धित** | | | |
| | | **कृषितर्फ** | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९६ | | समूह दर्ता | | ५००।०० | |
| ९७ | | नवीकरण प्रति २ वर्ष दर्ता शुल्कको | | १० प्रतिशत | |
| ९८ | | रासायनिक मल सिफारिश | | ५००।०० | |
| ९९ | | साना सिचाई निवेदन/सिफारिश | | ३००।०० | |
| १०० | | सहरकारी सिचाई निवेदन/सिफारिश | | ५००।०० | |
| १०१ | | एग्रो पसल दर्ता | | १०००।०० | |
| १०२ | | नवीकरण प्रति वर्ष दर्ता शुल्कको | प्रतिशत | १०।०० | |
| १०३ | | तोरीको पिना | के.जी. | ०।५ | |
| | | **अन्य** | | | |
| १०४ | | प्रमाण पत्र प्रतिलिपि शुल्क | | २५०।०० | |
| | | **सहकारी दर्ता** | | | |
| १०५ | | बहुउद्देश्यीय सहकारी | | ५०००।०० | |
| १०६ | | बचत तथा ऋण सहकारी | | ५०००।०० | |
| १०७ | | कृषि सहकारी | | ३०००।०० | |
| १०८ | | अन्य सहकारी | | ३०००।०० | |
| १०९ | | प्रतिवर्ष नवीकरण गराउनुपर्ने र नविकरण गर्दा दर्ता दस्तुर रकमको | | ५ प्रतिशत | |
| | | **गैर सरकारी संघ संस्था दर्ता तथा नवीकरण** | | | |
| ११० | | दर्ता | | २०००।०० | |
| १११ | | नवीकरण प्रतिवर्ष | | १० प्रतिशत | |
| ११२ | | गैर सरकारी संघ संस्था सूचिकरण | | १०००।०० | |
| ११३ | | समूह सूचिकरण (सामुदायिक वन लगायत) | | ५००।०० | |
| | | **घ वर्गका निर्माण व्यवसायी फर्म दर्ता तथा नवीकरण** | | | |
| ११४ | | दर्ता/नामसारी | | १००००।०० | |
| ११५ | | नवीकरण (कार्यविधिमा उल्लेख भए अनुसार) | | | |
| ११६ | | आमा समूह, बाल क्लब, युवा क्लव, अन्य समूह दर्ता | | ५००।०० | |
| ११७ | | नवीकरण प्रति २ वर्ष | | १० प्रतिशत | |
| ११८ | | **अन्य** | | | |
| ११९ | | ओ.जे.टी. (प्रति व्यक्ति, प्रति पटक) | | १०००।०० | |
| | | | | | |

नोट : कुनै विषयको शिफारिस दस्तुर वा शुल्क छुट्न गएको भए सोही प्रकृतिको अन्य विषयलाई आधार मानेर शूल्क दस्तुर लगाइने छ ।